म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७७ बुधबार ७ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 23 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बलात्कार मुद्दाका दोषि लोप्चनलाई १२ वर्ष जेल सजाय

हेटौंडा, ६ कात्तिक/बालिका बलात्कार गरेको ठहर गर्दै मकवानुपुर जिल्ला अदालतले हेटौंडाका एक युवकलाई १२ वर्ष कैदको सजाय सुनाएको छ । जिल्ला न्यायाधीश शकुन्तला कार्कीको इजलासले हेटौंडा उपमहानगरपालिका-१४ बँदेलधापका ३८ वर्षीय मीनबहादुर लोप्चनलाई बालिका बलात्कार मुद्दामा दोषि ठहर गरेको हो । १ साउन २०८० मा लोप्चनले १३ वर्षीया बालिकालाई दिदीको घरमा बोलाएर ललाइफकाइ गरी बलात्कार गरेको र बालिकाका आफन्तले उक्त घटना थाहा पाएपछि प्रहरीमा उजुरी दर्ता गराएका थिए ।

प्रहरीले लोप्चनलाई २ साउनमा पक्राउ गरी जिल्ला अदालतमा पेश गरेको थियो । जिल्ला अदालतले दोषि ठहरिएका लोप्चनलाई ५ लाख रुपैयाँ जरिवाना, पीडितलाई ४० हजार रुपैयाँ क्षतिपूर्ति भराउन आदेश दिएको छ । लोप्चन पुर्पक्षका लागि क्षेत्रीय कारागार भीमफेदीमा थुनामा छन् ।

# मकवानपुरमा बाढीपहिरोले १० जनाको मृत्यु, डेढअर्ब बढीको क्षति

### २३ हजार रोपनीको बालीनाली नष्ट, सयौं रोपनी जग्गा बगरमा परिणत


प्रतिक्षा न्यौपाने

हेटौंडा, ६ कात्तिक/ मकवानपुरमा गत असोज १० गतेदेखि १४ गतेसम्म परेको अविकरण वर्षाका कारण आएको बाढीपहिरोले डेढ अर्ब भन्दा बढीको क्षति पुऱ्याएको प्रारम्भिक अनुमान गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको विपद् शाखाका अनुसार जिल्लामा बाढीपहिरोले घर टहरा, सडकलगायतका पूर्वाधारमा र खेतबारी कटानसँगै बाली नष्ट गरेको छ । बाढीपहिरोले मकवानपुरमा १ अर्ब ६९ लाख ३५ हजारभन्दा बढी क्षति भएको प्रारम्भिक अनुमान गरिएको हो । सबैभन्दा बढी क्षति जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा भएको छ । इन्द्रसरोबरमा पूर्वाधारमा मात्र नभई ठूलो मानवीय क्षतिसमेत पुग्यो ।

इन्द्रसरोबर गाउँपालिकाको सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ६ बालकको पहिरोले पुरिएर मृत्यु भएको थियो । ६ बालकको मृत्यु भएको घटनाले सिंगो जिल्ला नै स्तब्ध बनेको थियो । बाढीपहिरोमा परेर मकवानपुरमा १० जनाको मृत्यु भएको थियो ।

जसमध्ये पहिरोमा परेर ६ जना खेलाडी, मनहरी गाउँपालिकामा बाढीले बगाएर २ जना, मकवानपुर गढीमा एक जना र बागमती गाउँपालिकामा १ जना गरी १० जनाको मृत्यु भएको जिल्ला प्रशासनले जनाएको छ । बाढी पहिरोमा परेर ६ जना घाइते भएका छन् । थाहा नगरपालिकाका-२, भीमफेदी, मकवानपुरगढी, बकैया र बागमती गाउँपालिकामा एक/एक जना घाइते भएका थिए ।



अविरल वर्षाका कारण आएको बाढीपहिरोले १० पालिकाका १ सय ३० घर पूर्ण क्षति भए । १ सय ८३ घरमा आंशिक क्षति पुऱ्याएको थियो । सबैभन्दा धेरै इन्द्रसरोवर गाउँपालिकाका ४० घरमा बाढीपहिरोले क्षति पुऱ्याएको थियो । २३ घरमा आंशिक क्षति पुग्यो ।

विपद्व्यवस्थापन समितिको प्रारम्भिक तथ्यांकअनुसार बाढी पहिरोले बागमती गाउँपालिकाका १८ घर पूर्ण क्षति र २२ घरलाई आंशिक क्षति पुऱ्याएको छ । भीमफेदी गाउँपालिकाका १४, थाहा नगरपालिकाका १३, कैलाश गाउँपालिकाका ११, मनहरीका ११, बकैयाका ११, मकवानपुरगढीका ५, हेटौंडा उपमहानगरपालिकाका ४ र राक्सिराङ गाउँपालिकाका ३ गरी १ सय ३० घरमा पूर्ण क्षति भएको छ ।

बाढीपहिरोले मकवानपुरमा ५ वटा पालिकाका १६ वटा झोलुङ्गे पुल बगाएको छ । सबैभन्दा धेरै बागमती गाउँपालिकाका १० वटा पुल बगाएको र बकैयाका चार पुलमा क्षति पुऱ्याएको थियो ।

**२३ हजार रोपनीको बालीनाली नष्ट, सयौं रोपनी जग्गा बगर बन्यो**

जिल्ला प्रशासन कार्यालय मकवानपुरका अनुसार प्रारम्भिक तथ्यांकका आधारमा २३ हजार रोपनी जग्गाको बालीनाली नष्ट भएको पाइएको छ ।

बाढीपहिरोले बागमती गाउँपालिकाको १० हजार रोपनी जग्गामा लगाएको बालीनाली नष्ट, बकैया गाउँपालिकाको ९ हजार १ सय ५२ रोपनी जग्गाको बालीनाली, राक्सिराङको ३ हजार १ सय ४५ रोपनी र इन्द्रसरोवरका २ सय १० रोपनी र भीमफेदीको १ सय ४० रोपनी जग्गाको बालीनाली नष्ट भएको र सयौं रोपनी जग्गा बगरमा परिणत भएको छ ।

मकवानपुरमा आएको बाढीपहिरोले मकवानपुरमा १० वटा पालिकाका २३ हजार ७९ रोपनी जग्गाको बालीनाली नष्ट गरेको छ । बाढीपहिरोबाट सबैभन्दा धेरै पशुचौपाया भीमफेदीमा क्षति भएको छ । भीमफेदीमा ४ हजार ४१ चौपायामा क्षति पुऱ्याएको छ । मकवानपुरमा बाढीपहिरोबाट ४ हजार १ सय ३६ चौपाया मरेका थिए । खानेपानी, विद्युत् र अन्य पूर्वाधार गरी ५८ वटालाई क्षति पुऱ्याएको तथ्यांकमा उल्लेख छ । बाढीपहिरोले २१ सडक र राजमार्गमा क्षतिग्रस्त बनाएको थियो ।

# बागमती प्रदेशमा ७ हजार ७६८ जनालाई डेंगु संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, ६ कात्तिक/ बागमती प्रदेश डेंगु संक्रमणबाट धेरै प्रभावित हुने देशका सात प्रदेशमध्ये दोस्रोमा परेको छ । उच्च जनघनत्व भएको बागमतीलाई पनि डेंगु संक्रमितहरुको तथ्यांकमा गण्डकीले उछिनेको छ ।



देशभर २२ हजारभन्दा बढीमा डेंगु सङ्क्रमण पुष्टि भएको छ । ११ जना सङ्क्रमितको मृत्यु भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी) को तथ्यांकअनुसार प्रदेशअन्तर्गत गण्डकी, बागमती र कोशी प्रदेशमा सबैभन्दा बढी डेंगु सङ्क्रमण पुष्टि भएको छ ।

गण्डकी प्रदेशमा ९ हजार ५ सय ३१, बागमती प्रदेशमा ७ हजार ७६८, कोशी प्रदेशमा १ हजार ६४६ जनामा डेंगु पुष्टि भएको छ । यसैगरी लुम्बिनी प्रदेशमा १ जहार ३४८, सुदूरपश्चिम प्रदेशमा १ हजार ६५, कर्णाली प्रदेशमा ३ सय र मधेश प्रदेशमा ४२४ जनामा डेंगु पुष्टि भएको छ । बागमतीको काठमाडौं, ललितपुर, चितवन र भक्तपुर सबैभन्दा बढी प्रभावित जिल्ला रहेका छन् ।

ईडिसिडीको तथ्यांक अनुसार ७६ जिल्लामा २२ हजार ८२ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । ईडिसिडीको किटजन्य शाखाका प्रमुख डा. गोकर्ण दाहालले कास्कीमा सबैभन्दा बढी सङ्क्रमण पुष्टि भएको छ । त्यसपछि काठमाडौं र कास्कीमा धेरैमा सङ्क्रमण देखिएको छ । काठमाडौंमा तीन हजार ५९४, कास्कीमा तीन हजार हजार १८८, तनहुँमा दुई हजार १९५, पर्वतमा एक हजार ५८८ जना संक्रमित बने ।

चितवनमा एक हजार २९, ललितपुरमा ९६८, बागलुङमा ८२१, गोरखामा ७७२, भक्तपुरमा ६२४, कैलालीमा ४०८ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको दाहालले जानकारी दिए । हुम्लाबाहेक सबै जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ ।

# मकवानपुरलाई तेक्वान्दो च्याम्पियनसिपमा दुई स्वर्ण

साझाकुरा संवाददाता

हेटौंडा, ६ कात्तिक/ मकवानपुरलाई कोरियन एम्बासडर ओपन तेक्वान्दो च्याम्पियनसिप प्रतियोगितामा २ स्वर्ण र ८ कास्य पदक हात लागेको छ ।

नेपाल तेक्वान्दो संघको आयोजनामा २ कार्तिकदेखि ५ गतेसम्म काठमाडौंमा भएको प्रतियोगितामा पुम्से विद्यामा मकवानपुर जिल्लाबाट प्रतिनिधित्व गर्दै सोहन गुरुङ र कबिना राईले स्वर्ण जित्न सफल भए ।

आरम्भ माझी, पाउलसन दर्नाल, सुहान गुरुङ, सुजित माझी, असिम रन्जितकार, रोशनी कार्की, अमन माझी र श्रीजना कुवरले कास्य पदक जित्न सफल भए ।

प्रतियोगिताको लागि मकवानपुरबाट १६ जना खेलाडीले सहभागिता जनाएको मकवानपुर जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजि रत्न बज्राचार्यले जानकारी दिए । नेपाल र कोरियाबीच दौत्य सम्बन्ध भएको ५० औं वार्षिकोत्सवको अवसरमा कोरियन एम्बासडर ओपन तेक्वान्दो च्याम्पियनसिप प्रतियोगिता भएको थियो । सातै प्रदेशका करिब १२ सय खेलाडीले प्रतियोगितामा सहभागिता जनाएका थिए ।

# मकवानपुर र काभ्रेका बाढीपहिरो पीडितलाई जस्तापाता सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, ६ कात्तिक/गत असोजमा आएको बाढी र पहिरोका कारण घरबार गुमाएका मकवानपुरको इन्द्रसरोबर गाउँपालिका र काभ्रेको चौरी देउराली गाउँपालिकाका २२ घरपरिवारलाई घर निर्माणका लागि जस्तापाता सहयोग गरिएको छ ।

अमेरिकाको न्युयोर्कस्थित नेपाली चेली समाज चाँदनी क्रियशन एनवाईसीले मकवानपुरको इन्द्रसरोबर गाउँपालिका वडा नम्बर-३ र काभ्रेको चौरी देउराली गाउँपालिका वडा-७ र ९ मा बसोबास गर्ने २२ घरपरिवारलाई घर निर्माण गर्न जस्ता पाता सहयोग गरेको हो ।

यस्तै, ७५ घरपरिवारलाई कम्बल लत्ताकपडा र खाद्यान्न उपलब्ध गराइएको हो । इन्द्रसरोबरमा शनिबार र चौरी देउरालीमा सोमबार सहयोग सामग्री हस्तान्तरण गरिएको थियो । संस्थाकी कार्यकारी निर्देशक चाँदनी योञ्जन लामाले केही रकम व्यक्तिगत, केही रकम आफन्त साथीभाईको सहयोग र तामाङसमाज समेतको सहकार्यमा जुटाएका हुन् ।

संस्थाकी कार्यकारी निर्देशक लामा र जिल्ला बचत सहकारी संघकी कोषाध्यक्ष एवम् समाजसेली विष्णु लामाले स्थानीय पीडितहरुलाई सहयोग सामग्री हस्तान्तरण गरेकी थिइन् ।

# जेसीज सप्ताहव्यापी सुरु, साइकल रेसमा ठाकुर प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, ६ कात्तिक/ सामाजिक परोपकारमा सक्रिय हेटौंडा जेसीजको सप्ताहव्यापी कार्यक्रम 'जेसीज सप्ताह २०२४' मंगलबारबाट सुरु भएको छ । पहिलो दिन हेटौंडाको सिचाईं टोलदेखि मनकामना मन्दिरसम्म साइकल रेस प्रतियोगिता भएको छ ।

प्रतियोगितामा राजिव ठाकुर प्रथम भएका छन् । त्यस्तै आशिष थापा दोस्रो र रवि कृष्ण नकर्मी तेस्रो भएका छन् । क्रमश विजेतालाई ९ हजार, दोस्रो हुनेलाई ६ हजार र तेस्रो हुनेलाई ३ हजार रुपैयाँसहित ट्रफि र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष श्रेष्ठले बताए । प्रतियोगितामा १५ जना सहभागी थिए ।

जेसीज अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वडा नम्वर २ का वडा अध्यक्ष विष्णु गोपाल महर्जनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जेसीजका पूर्व राष्ट्रिय अध्यक्ष राजेश मोहन प्रधानलगायत पूर्व अध्यक्षहरुको सहभागिता रहेको थियो । प्रतियोगिताको संयोजन अशोक सिंले गरेका हुन् ।

कात्तिक ७ गते बिहान ७ बजे हेटौंडा-१५ चिप्लेटीस्थित सामुदायिक विद्यालयमा विहान शैक्षिक सामग्री वितरण कार्यक्रम, कात्तिक ८ गते बिहान ७ बजे हुप्रचौरमा रक्तदान कार्यक्रम र सोही दिन बिहान ९ बजे सितल महलचोकमा स्लो मोटरबाइकल प्रतियोगिता हुने जनाइएको छ । कात्तिक ८ गते नै दिउँसो ४ बजे हेटौंडा-९ मा लागूऔषध दूर्व्यशनी विरुद्धको सचेतना कार्यक्रम आयोजना गरिने र कात्तिक ९ गते समापन तथा पुरस्कार वितरण कार्यक्रम रहेको मुल कार्यक्रम संयोजक विवेक आनन्द न्यौपानेले बताए ।

# मकवानपुरका एक बालक ओभरडोज औषधी सेवनले बिरामी

साझाकुरा संवाददाता

हेटौंडा, ६ कात्तिक/ जिल्लाको मकवानपुरगढी गाउँपालिका वडा-५ सिमलटारमा एक किशोरले एकैपटक १० वटा ट्यावलेट औषधी खाँदा विरामी भएका छन् ।

बामगती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार सोमबार साँझ ८ बजेको समयमा बर्ष १७ को आयुष परियारले डिप्रेशनको औषधी एकै पटकमा १० वटा ट्यावलेट खाएर(ओभरडोज) बिरामी भएको हो ।

बिरामीको चुरेहिल अस्पताल हेटौंडामा उपचार भइरहेको प्रहरीले जनाएको छ । उनको स्वास्थ्य अवस्था मध्यम रहेको प्रहरीको भनाई छ ।

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं. ९८४५४६१०३४**

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'छाउगोठ' होइन अब घरमै 'छाउकोठा'

स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा विकट गाउँहरुमा घर भन्दा अलि पर लगेर राख्ने गरिन्छ । त्यो राख्ने ठाउँलाई 'छाउगोठ' भन्ने गरिएको छ । शहरी क्षेत्रका स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा भने आफन्त वा अन्य छिमेकीको घरमा लगेर राख्ने गरिएको पाइएको छ । त्यसलाई भने 'छाउकोठा' भन्ने गरिएको पाइएको छ । अशिक्षाको कारणले गर्दा नै स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा घरबाट बाहिरिनु परिरहेको छ । महिलाहरुमा शारीरिक विकास हुँदै जाँदा प्रजनन स्वास्थ्यसंग जोडिएको विषय हो, महिनावारी । मानिस जन्मिने प्रक्रिया यहि महिनावारीबाट नै हुने गर्दछ । त्यसलाई नै अवैज्ञानिक तरिकाले व्याख्या गरेर महिनावारी हुनु भनेको ठूलो अपराध गर्नू हो भन्ने झैं भान पार्दै आइएको छ । त्यसलाई आजैका दिनदेखि सबैले निर्मूल पार्नु पर्दछ ।

महिनावारी महिलाको शारीरिक विकाससंगै नियमित हुने प्रक्रिया हो । यसलाई पहिलोपटक हुँदा किन छिछि र दुरदुर गरिन्छ ? अन्य सामान्य अवस्थामा हुने महिनावारी र पहिलोपटक हुने महिनावारीमा के फरक छ ? यसको चित्तबुझ्दो जवाफ कस्ले दिन्छ ? 'पहिलोपटक महिनावारी हुँदा घरमा बस्नु हुँदैन, अर्काको घरमा लुक्न जानुपर्छ, घाम नै हेर्नु हुँदैन, दाजुभाइको अनुहार हेर्नु हुन्न, त्यसबेला तरकारीको बोटबिरुवा छुँदा कुहिन्छ भन्ने जस्ता रुढिवादी सोच अहिले पनि कायम हुनुमा कस्को दोष छ ? यो आ-आफैंले समीक्षा गरौं ।

पहिलोपटक महिनावारी हुँदा महिलाहरु डराउने, बेस्सरी पेट दुख्ने, कमजोरी हुने समस्याहरु हुने हुँदा पोषण तत्वको पर्याप्त जरुरी र परिवारको साथ अत्यन्तै जरुरी हुन्छ । तर, हाम्रो समाज भने अनावश्यक रुढीवादी सोच पालेर महिलाहरुको स्वास्थ्यमाथि गम्भीर खेलवाड गरिरहेको छ । त्यसैले 'छाउगोठ' वा 'छाउकोठा' अब घरकै सुविधासम्पन्न कोठामा हुनुपर्छ । पहिलोपटक महिनावारी हुने छोरीहरुलाई पर्याप्त सुविधा भएको र स्वास्थ्य परामर्शदिने स्वास्थ्यकर्मीको उपलब्धतासहित पहिलो महिनावारी हुने अवस्थामा गर्नुपर्ने सरसफाई र पालना गर्नुपर्ने स्वास्थ्य मापदण्डका विषयमा जानकारी दिनु जरुरी छ । पहिलो महिनावारी हुने अवधिलाई तनाव र त्रासको वातावरणभन्दा प्रजनन स्वास्थ्यको विषयमा बुझ्ने र परिपक्व हुने अवधिको रुपमा परिणत गर्नुपर्छ । त्यसैले अब पहिलोपटक महिनावारी हुँदा किशोरीहरुलाई टाढा लगेर 'छाउगोठ' होइन घरमै 'छाउकोठा'को उचित प्रबन्ध गरौं ।

# वृद्ध भत्ता होइन, सुरक्षित आवास देऊ



✍अमृता लम्साल

गएको ३० अगस्त, २०२४ को दिन समाचारमाध्यमहरूले एउटा समाचार प्रसारण गरे, जसमा भनिएको थियो- 'जापानको प्रहरीले सार्वजनिक गरेको रिपोर्ट अनुसार सन् २०२४ को पहिलो आधा वर्षमा जापानमा करिब ४० हजार व्यक्तिहरूको घरमा एक्लै मृत्यु भएको छ ।' अन्तर्राष्ट्रिय समाचारमाध्यम बीबीसीद्वारा प्रसारण गरिएको उक्त समाचार अनुसार तीमध्ये करिब ४ हजार शवहरू एक महिना अगाडि मृत्यु भएका व्यक्तिहरूको थियो भने १३० शव एक वर्ष अगाडि गायब भएका मानिसहरूको थियो । समाचार अनुसार उक्त तथ्यांक जापानको प्रहरी विभागबाट सार्वजनिक गरिएको थियो ।

यसरी जापानीहरू एक्लै मृत्युवरण गर्नुको कारण उनीहरू एक्लै बस्ने, उनीहरूबारे कसैलाई थाहै नहुने र मरिसक्दा पनि सोधखोज गर्ने परिवार वा नजिकका व्यक्तिहरू नहुनु हो । जापानको हालको एउटा मुख्य समस्या भनेको वृद्धहरूको जनसंख्यामा वृद्धि हुनु पनि हो । उपरोक्त समाचार पढेपछि मन निकै झस्किएको थियो । किनकि नेपालमा पनि पहिलेको जस्तो पारिवारिक नेटवर्क नभएको, संयुक्त परिवार त निमिट्यान्नै भएको अवस्था, सन्ततिहरू बसाइँ सरेर अन्य मुलुकमा स्थायी बसोबास गर्दै जाने अवस्था बढ्दै गएकोले यहाँ पनि ज्येष्ठ नागरिकहरूको स्थिति चिन्ताजनक हुँदै गएको देखिन्छ ।

ज्येष्ठ नागरिकहरूको त्यो स्थिति जापानमा मात्रै होइन, चीनमा पनि बढ्दो छ । चीनमा सन् १९८० देखि २०१६ सम्म चिनियाँ सरकारले अपनाएको एक परिवारले एउटा मात्रै बच्चा जन्माउन पाउने नीतिले त जनसंख्या मात्रै होइन, समाजको स्वरूपमै दिगो रूपमा नकारात्मक असर पर्न थालेको छ । यद्यपि, हाल चीनले एउटा परिवारलाई तीन वटासम्म बच्चा जन्माउन पाउने अनुमति दिएको छ । पहिलेको 'एक बच्चा नीति'ले समाजमा छोरीहरूको संख्या घट्दै गएको तथ्यांक सार्वजनिक भएको थियो । चीनको कतिपय ग्रामीण इलाकाहरूमा परिवारमा छोराहरूको संख्या छोरीहरूको भन्दा ३/४ प्रतिशतले कम भएको पनि देखिएको थियो । विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार सन् २०४० सम्ममा चीनको २८ प्रतिशत जनसंख्या ६० वर्षभन्दा माथिका हुनेछन् भने चीनमा प्रजनन् दरमा कमि हुँदै गएको छ ।

चीनमा यो स्थिति आउनुको एउटा कारण, चीनमा मानिसहरूको आयु बढ्दै जानु पनि रहेको मानिन्छ । यसले गर्दा देशले सामाजिक-आर्थिक विकास र पब्लिक हेल्थमा चुनौती बेहोर्नुपर्नेछ । अमेरिकाको स्थिति पनि त्यति फरक छैन । अमेरिकी सेन्सस ब्युरोका अनुसार सन् २०३० सम्ममा अमेरिकी कुल जनसंख्याको २१ प्रतिशत ६५ वर्षभन्दा माथिको उमेरका जनसंख्या पुग्नेछन् । त्यो भनेको हालको अनुमानित तथ्यांक अनुसार ७ करोड ३० लाख हुनेछन् । यसरी ज्येष्ठ नागरिकको संख्या बढ्दै जाँदा सरकारलाई सोसियल सेक्युरिटी र मेडिकेयर जस्ता कार्यक्रम बढाउँदै जानुपर्नेछ र यसको लागि आर्थिक भार निकै ठूलो हुनेछ ।

यस उठाउन लागिएका कुराहरू अरू देशका लागि होइनन्ह नेपालकै कुरा गर्न लागिएको हो । यसै सन्दर्भमा केही महिना अगाडि, काठमाडौं महानगरपालिकाले एउटा सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गरेको थियो, जसअनुसार नेपालबाट छोराछोरी विदेशिने आमाबाबुहरूले एक्लो महसुस गर्ने, डिप्रेसनको शिकार हुने तथ्यहरू समाचारमा आएको थियो । हुनत, त्यो सर्वेक्षण त्यति ठूलो एरियामा गरिएको होइनह काठमाडौं महानगरपालिकाको शहरी योजना आयोग मातहतमा 'मेट्रोपोलिटन रिसर्च फेलोसिप' अन्तर्गत गरिएको उक्त सर्वेक्षणमा जम्मा ५०९ जना ज्येष्ठ नागरिकलाई समेटिएको थियो ।

तापनि, हामी आफ्ना वरिपरि, गाउँघर, शहरबजारतिरको अवस्था देखेर पनि हाम्रो समाजको बदलिंदो स्वरूपको आकलन गर्न सक्दछौं । यसको उदाहरण, भर्खरै सकिएको दशैंको टीकाको अवसरमा सामाजिक सञ्जालहरूमा पोस्ट गरिएको तस्बिरहरूले पनि के देखाउँछ भने-नेपालीहरू, त्यसमा पनि युवा जमातको संख्या नेपालमा भन्दा विदेशमा धेरै देख्न सकिन्छ । उपरोक्त सबै तथ्य र तथ्यांकले के देखाउँछ भने, ज्येष्ठ नागरिकको भविष्यकोबारेमा राम्रो र व्यवहारिक नीति निर्माणको एकदम जरुरत भैसकेको छ । नेपालको कानूनमा ६० वर्ष माथिका व्यक्तिहरूलाई ज्येष्ठ नागरिक मानिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसंख्याको १०.२१ प्रतिशत जनसंख्या ज्येष्ठ नागरिकको छ ।

कुनै पनि देशमा १४ प्रतिशतभन्दा माथिको संख्यामा ज्येष्ठ नागरिक छन् भने त्यस्तो समाजलाई 'ज्येष्ठ नागरिकको समाज' भनिने र हेछ । धन्न नेपालको अवस्था त्यहाँसम्म पुगिसकेको छैन । नेपालको संविधान २०७२ को धारा १८ ले सबै नागरिकलाई समानताको हकको प्रत्याभूति गरेको छ, जसमा ज्येष्ठ नागरिकहरू स्वत: समेटिन्छन् । त्यसैगरी, धारा ४१ ले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सुरक्षाको हक र धारा ४३ ले सामाजिक सुरक्षाको हकको कुरा गरेको छ ।

त्यसबाहेक, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ह ज्येष्ठ नागरिक पहिलो संशोधन ऐन २०७९ ले पनि ज्येष्ठ नागरिकहरूको पालनपोषण, सुरक्षा आदिको बारेमा राम्रो व्यवस्था गरेको छह तर, अन्य ऐन कानूनहरू जस्तै, यो पनि हात्तीको देखाउने र चपाउने दाँत फरक-फरक भएको जस्तै भएर रहेको छ । कार्यान्वयन पक्ष जता पनि त्यत्तिकै फितलो भए झैं, यहाँ पनि त्यस्तै देखिन्छ । कानूनले त कतिसम्म भनेको छ भने, सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले ज्येष्ठ नागरिकमाथि कुनै पनि अपराध गरेको खण्डमा प्रचलित सजायमा थप ३० प्रतिशतले वृद्धि हुनेछ र त्यो दोहोऱ्याउँदै गएमा प्रत्येक पटक १० प्रतिशतले थप हुँदै जानेछ । तर, जीवनको उत्तरार्धमा पुगिसकेका ज्येष्ठ नागरिकहरू यसै पनि थकित र गलित भइसकेका हुन्छन् भने, उनीहरू कता उजुरी गर्न जाउन् ?

फेरि उनीहरूलाई सधैं, आफ्नो दु:ख भन्दा ठूलो परिवारको इज्जत जोगाउने ध्याउन्न हुन्छ । अनि त मानसिक, आर्थिक र अझ शारीरिक तनाव दिन समेत नहच्किने आफ्नै सन्तान वा नजिकका व्यक्ति विरुद्ध उनीहरू किन बोल्थे ! बरु डराएर चुपचाप सहन्छन् । त्यसैले, अब सरकारले महिनाको चार हजार वृद्ध भत्ता दिएर आफ्नो दायित्व पूरा भयो भन्ने सोच राख्ने होइन कि, त्यसको बदला सुविधासम्पन्न ज्येष्ठ नागरिक आवास गृहहरू खोल्न जरूरी भइसकेको छ । ती आवास गृहहरू सुविधासम्पन्न भन्नाले होटलका कोठा जस्ता भन्न खोजिएको होइन ।

त्यहाँ प्रत्येक व्यक्तिको शौचालय सहितको एउटा कोठा होस्, खाना मेसमै पाकोस्, निश्चित समूहलाई हेर्न 'अन-कल' नै भए हुन्छ, डाक्टरको प्रबन्ध होस् । हरेक दिन, ती ज्येष्ठ नागरिकलाई एक्सरसाइज गराउने, केही मानसिक कसरत गराउने व्यवस्था होस् । सक्नेले पैसा तिरेर बसुन्ह नसक्नेलाई नि:शुल्क राखियोस् ।

ज्येष्ठ नागरिकहरू आफ्नो उमेर समूहका मानिसहरूसँग बस्न पाउँदा, उनीहरूलाई हुने डिप्रेसन पनि कम हुनसक्छ । यसरी समूहमा बस्दा एक्लोपनको पीडाबाट मुक्ति पाइन्छ । अहिले पनि पशुपति वृद्धाश्रममा त सरकारले गरिनै राखेको छ । केही समय पहिले त्यहाँ पुग्दा, त्यहाँ बस्नेहरूले उडुस आतंकको कुरा गर्दै हुनुहुन्थ्यो । हुनत, त्यहाँका कतिपय व्यक्तिहरू अर्को ठाउँमा तयार भएको भनिएको घरमा सर्न चाहनुहुन्नह कारण, उहाँहरू पशुपति परिसरमै प्राण त्याग्न चाहनुहुन्छ । अर्को कुरा, त्यहाँ बस्नेहरूको आर्थिक स्थिति निकै कमजोर पनि छ ।तर यहाँ सुझावको लागि राखिएको ज्येष्ठ नागरिक आवासको प्रस्ताव पैसा तिरेर बस्न सक्ने र चाहनेहरूका लागि भनिएको हो । सरकारले नै त्यसरी पहल गऱ्यो भने, कतिपयले आफ्नो सम्पत्ति पनि दानमा दिन सक्नुहुन्छ होला ! त्यतातिर किन नसोच्ने ?

सन् २०२३ को नुएम्बो डटकमको 'हेल्थ केयर इन्डेक्स'को तथ्यांक हेर्दा, विश्वका ९४ वटा देशमध्ये एशियामा ताइवान ८५.९ प्रतिशतको र्‍याकिङमा आउनेरहेछ भने, अफ्रिकाको साउथ अफ्रिकामा सबैभन्दा राम्रो 'एल्डरली केयर' रहेछ । विश्वको एक नम्बर एल्डरली केयरमा नर्वे, स्विडेन, स्विट्जरल्याण्ड, जर्मनी, क्यानडा, युएस र ग्रेट ब्रिटेन क्रमैसँग पर्ने रहेछन् ।

अहिलेको समयमा ६० वर्ष पुग्ने बित्तिकै मान्छे अशक्त र कमजोर भइहाल्दैनह मानिसले उमेरको त्यो बेलासम्म सिकेको, जानेको कुरा, ज्ञान, सीप आदि आफूपछिका पुस्ताहरूसँग बाँड्ने एउटा निकाय तयार गर्न सक्यो भने त्यसको लाभ समाजको एक हिस्सालाई मिल्नेछ । यसको लागि कुनै ठूलो आर्थिक भार या केही चाहिने छैन । स्थानीय निकायले एउटा सानो युनिट खोलेर, समाजमा स्वयंसेवकको रूपमा आफ्नो समय र ज्ञान बाँड्न चाहनेहरूको नाम र विषय रजिस्टर्ड गराइदिन सके हप्ताको एकदिन स्कूल वा अस्पतालमा बसेर चाहिएको सानातिना सेवाहरू प्रदान गर्ने जनशक्ति जुट्नेछ ।

यसको मतलब औषधोपचारको काम गर्ने भनेको होइन, अस्पतालमा आउने, सिस्टमसँग अनभिज्ञ सेवाग्राहीहरूलाई उनीहरूले रोजेको ठाउँ देखाइदिने, कसैलाई ह्विलचेयरमा यताउता लगिदिन पऱ्यो भने लगिदिने जस्ता काम पनि गर्न/गराउन सकिन्छ । यसबाट, ज्येष्ठ नागरिकहरू पनि कुँजिएर, डिप्रेस्ड भएर एउटा कुनामा दिन कसरी कटाउँ भनेर बस्न पर्दैन भने चलायमान भैरहँदा, उनीहरूको मानसिक र शारीरिक स्वास्थ्य पनि स्वस्थ रहिरहन्छ । देख्दा झिनामसिना लाग्ने यस्ता कुराहरूले उनीहरूले एक्लो र असहाय महसुस पनि गर्दैनन् ।

लेखको बिट मार्दै गर्दा यहाँ २०१७ अगस्त १४ मा भारतको इण्डिया टूडे पत्रिकामा प्रकाशित एउटा अति नै दु:खपूर्ण घटना उल्लेख गर्न मन लाग्यो । समाचारमा लेखिए अनुसार, भारतको मुम्बई निवासी ६३ वर्षीया आशा साहनीको लास, उनको लोखण्डवाला कम्प्लेक्समा भेटियो । लास भेटिंदाको अवस्थामा लास भन्नु मात्रै थियोह मासु गलेर स्केलिटन भइसकेको थियो । उनी त्यहाँ आफ्नो पतिको साथ बस्थिन्ह सन् २०१३ मा पतिको निधन भएपछि, उनले आफ्नो एक मात्र छोरा, अमेरिका निवासी रितुराज साहनीलाई 'ओल्ड एज होम'मा सर्न चाहेको बताएकी रहिछन् । तर, न त समयले साथ दिएछ, न छोराले । आशाले सन् २०१६ को अप्रिलमा आफ्नो मृत्युको जिम्मेवार कोही नभएको सुसाइड नोट लेखेर प्राण त्यागिछन् । छोराले उताबाट फोन गर्दा फोन लागेन, एक वर्षदेखि फोनको स्विच अफ रहेछ । एक वर्षपछि छोरा आउँदा आमाको स्केलिटन सोफामा भेट्छन् । यो कुनै सिनेमाको कहानी होइन भएको घटना हो । त्यसैले, यहाँ पनि त्यस्तो स्थितिको सामना गर्न नपरोस् भन्ने चाहने हो भने, ज्येष्ठ नागरिकहरूलाई सामूहिक रूपमा बस्न मिल्ने व्यवस्था गर्न जरूरी भइसकेको छ । *(साभार: अनलाइनखबर)*

# सुशासन र इमानदारिता हराएको देश

✍अच्युतप्रसाद पौडेल "चिन्तन"

देशमा भ्रष्टाचारले टाउको उठाएको छ । इमानदारिता र सुशासनको अभाव हुँदै छ । लोकतन्त्रका मेसिनरीहरु क्रमश: खिया परेका छन् । सेवा प्रवाहमा आम नागरिक निराश छन् । दशैंको पूर्वसन्ध्यामा देश विपत्तिको मारमा परेको र आपूर्ति प्रणाली निकै असहज भयो । धेरै नेपाली गाउँ जान सकेनन् । सामान्य अवस्थामा पनि वस्तुको आपूर्ति सहज भएन र अचाक्ली मूल्य वृद्धि भयो । सक्नेले पेटभरि खाए, नसक्नेले रामभरोसा भन्दै भजन गरेर दिन बिताए । उत्पादन र रोजगारी नभएको, सीप र उद्यमशीलताको विकास नभएको देशमा हुने यस्तै हो । आगामी दिनहरु पनि नेपालीहरुका लागि थप कष्टकर नै हुनेछन् । देशको समृद्धिको पहिलो आधार सुशासन हो । सुशासनको प्रयोगले नै संसारमा आज धेरै देश समृद्ध भएका छन्, आर्थिक विकास गरेका छन् । सिंगापुर, अमेरिका, चीन र नजिकको भारतको उदाहरण नै पर्याप्त छ । विकासोन्मुख भनिएका देशहरुको रोग भ्रष्टाचार हो र प्राणघातक क्यान्सरजस्तै भएको छ ।

हाम्रो देशमा सुशासनको सुगा रटाइ गरेको दशकौं भइसकेको छ । उन्नत लोकतन्त्र आएपछि पनि यसलाई जपियो, तर खोक्रो भयो, परिणाम देखिएन । लोकतन्त्रको बिरुवामा नकारात्मक फल लाग्न थालेको धेरै भइसकेको छ । कम जनता, बढी सरकार, देखाउने एउटा, गर्ने अर्कै हुने गरेको छ हाम्रो देशमा । सदाचार नाम मात्रको छ र केन्द्रीय नेतृत्व नै पटक-पटक हिरासतमा पुगेको हामीले देखेका छौं । र, प्रहरी प्रशासनका उपल्लो तहहरु नै बन्दी परेको देश पनि यही हो । मेयर, उपमेयरको जोडी नै निलम्बनमा परेको पनि देखियो, अख्तियार अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन, महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले पनि शायद यो बताउँछ ।

सरकारी जग्गा हिनामिना, नक्कली भ्याट बिल, अन्तशुल्क स्टिकर काण्ड, वाइड बडीदेखि ललितानिवास, बालमन्दिर, गिरीबन्धु टी, भुटानी शरणार्थी काण्डदेखि सगरमाथाको जग्गासम्म हडप्न प्रयास भएकै हो । पछिल्लोपल्ट दशैंको मुखैमा कीर्तिपुरको महँगो जग्गा लोकतन्त्रले उपहार पाएको छ र निजामती सेवा ऐनले कसैसँग दान दातव्य लिनुहुन्न भनेको छ, सार्वजनिक पद धारण गरेको व्यक्ति, समूह वा संस्थाले । बालमन्दिर, गोकर्ण रिसोर्ट, गिरीबन्धु चिया बगानदेखि साना-ठूला काण्डैकाण्डले चिनिएको देशमा जे-जति राम्रो काम गरे पनि नाम कमाउन सकिने अवस्था छैन । कुख्यात, प्रख्यात हुने देशमा सतीको श्राप छ भन्ने गरिन्छ ।

बजेट के-कस्तो आउँछ यहाँ, प्राय: सबैलाई थाहा हुन्छ । गरिबी न्यूनीकरण अभियान र वर्षौं अघिदेखिका पञ्चवर्षीय योजनाहरु तुहिन्छन्, सग्ला समापन हुन्नन् भन्ने पनि सबैलाई हेक्का छ । आर्थिक चलखेल गर्न नजान्नेहरु यहाँ पछि पर्छन् । धनाड्यहरुले चाल पाइसकेका हुन्छन् र रातराती सामान गायब भइसक्छ । बजेट मिल्ने खालको आयो भने भोलितिर मात्रै नाका पास गराउने नत्र राति नै छिराउने देश हो यो र मुसाले सीसी क्यामेराको तार काट्ने ठाउँ बनेको छ सिंहदरबार । यसपालि यस्तो केस उत्तरी नाका खासगरी तातोपानी र रसुवागढीमा बढी देखियो, अब त दुवै सुकिसकेका छन्, बाढी र पहिरोमा परे । गत जेठमा बजेट १५ गते आउनुपूर्व रसुवागढी र तातोपानी नाकाबाट १ हजार बढी सवारीसाधन पास भए, यता आउन । अहिलेसम्मकै उच्च संख्याका गाडीहरु छिरेका थिए । देश नीतिगत भ्रष्टाचारमा अब्बल छ । सेक्टर मन्त्रालयले गर्न सक्ने काम अख्तियारको फन्दाबाट बच्न क्याबिनेट लगिन्छ । पछिल्लो समय कुलमानलाई स्पष्टीकरण सोधिएको छ र सम्भवत: तिनले पदबाट हात धुनुपर्नेछ, यदि यसो भए सडक पनि तात्ने र आँधीबेहरी ल्याउने पनि भनिँदै छ ।

देशमा विधिको शासनको मापन सूचकांक घट्दै आएको छ । आर्थिक वर्ष ०७५ /०७६ मा यो सूचक ०:५४ थियो, ५ वर्षपछि यो रेसियो बढ्नुपर्नेमा घटेको छ । आव ०७९/८० को लक्ष्य ०:५७ थियो, प्राप्त हुँदा ०:५२ भइदियो । अघिल्लो आव ०८० ।८१ को लक्ष्य ०:५८ राखिँदा यो वर्ष इतिहासकै उच्च कोटीमा गनिनेहरुमाथि मुद्दा दायर भयो । यसै श्रावण १ देखि शुरु भएको १६ औं योजनाले अझ यसको लक्ष्य बढाएर ०:६० राखेको छ । बालुवाटारदेखि बालमन्दिर सम्म फाइल अध्ययन भएको वर्ष हो यो र कैलाली, टीकापुरसम्मको होहल्ला निकै रह्यो । कतिपय विषयमा उथलपुथल नै ल्याइदियो । संसद्मा हिलो छ्यापाछ्याप भयो र यसैलाई हामीले सुशासन भनिरह्यौं । नगरपालिकाका ३ मेयर जोडी, उपमेयरसहित निलम्बनमा परे र संघीयताको बहुरुप धेरै बेरुजुको स्थानीय तह भनियो । खबौंखर्बको ऋण र व्यापारघाटा बोक्ने लोकतन्त्र चाहेका होइनन् नेपालीले, न त्यस्तो संघीयता र खर्चिलो गणतन्त्र नै । संघीयता र लोकतन्त्रले नेता मोटाएका र जनता दुब्लाएका छन् । दशैंले पनि युवा पलायन रोक्न सकेन ।

नीतिले भनेको छ, पैसाले झुट किन्न सकिन्छ, सत्य होइन । मूर्ति किन्न सकिन्छ, ईश्वर होइन । ओछ्यान किन्न सकिन्छ निद्रा होइन । बाध्यता किन्न सकिन्छ, रहर होइन । भोजन किन्न सकिन्छ, भोक होइन । सुख किन्न सकिन्छ, शान्ति होइन । मान्छे किन्न सकिन्छ, इमानदारिता होइन । ओखती किन्न सकिन्छ, स्वास्थ्य होइन । पुस्तक किन्न सकिन्छ, ज्ञान होइन । कलम किन्न सकिन्छ, विचार होइन । दास किन्न सकिन्छ, सेवक होइन र स्त्री किन्न सकिन्छ श्रीमती होइन । श्री भनेको सम्पूर्ण ऐश्वर्य हो र मति भनेको विचार हो । अघि शुद्धमतिका गर्भबाट संसारको वैभवरुपकी लक्ष्मी रुक्मिणीको जन्म भएको र उनैसँग श्रीकृष्णको बिहे भएको थियो । पौराणिक कथामा पनि विश्वास गर्छौं हामी । जान्नु मात्रै ठूलो कुरो होइन, मान्नु ठूलो कुरो हो । हामी र हाम्रो देश जिम्मा लिनेहरुले जीवन दर्शनको रटान गर्ने अध्यात्म विज्ञानलाई बिर्सेका छन् । देशमा केही शिक्षित पनि छन् तर धेरै सचेत छैनन् । विलासी जीवन र अरुको नक्कल गर्ने प्रवृत्तिले देश कुन खाल्डोमा पर्छ ? कसैले भन्न नसक्ने अवस्था छ अहिले । खासगरी अधिकार प्राप्त व्यक्तिले आफ्नो स्वेच्छाले कानुनको विवेचना गर्न थलेको छ । पद, प्रतिष्ठाको जताततै दुरुपयोग भएको छ । आफन्त र ठूलाको आडमा बेखबर छ व्यक्ति, समाज, भनौं धेरै परिवेश । नैतिक मूल्य र मान्यता विपरीत कामहरु हुन थालेका छन् ।

नीतिले शासन व्यवस्था पनि चल्नै छोड्यो, नीतिगत भ्रष्टाचारका कुरा छरपस्ट नै छन् । मानवको उद्देश्य धर्म, अर्थ, काम र मोक्ष हो । त्यो बिर्सिएको अवस्था छ । केवल पैसा, पद, प्रतिष्ठा, पुत्र, पुत्री, परिवार मोहले सदाचारको शब्द केवल शब्दकोषमा सीमित छ । राजनीति सेवा हो तर यो व्यापार भयो । समाजको सेवाको परिकल्पनालाई छोडेर कमिसन मोहमा परेको छ हाम्रो समाज । आर्थिक लेनदेन नगर्नु मात्र सदाचार होइन, किन्तु समयको परिपालना नगर्नु पनि भ्रष्टाचारभित्रै पर्छ । समयमा सेवा प्रवाह नगर्नु, न्याय निरुपण समयमै नहुनु धेरै विषय छन् यसको दायरामा पर्ने । सार्वजनिक प्रशासनका गुरुहरुले भनेका थिए, कुनै खराव काम गर्नु मात्र भ्रष्टाचार नभएर गर्नुपर्ने काम नगर्नु पनि भ्रष्टाचार हो । स्थिर, जननिर्वाचित सरकारले समेत देशमा भ्रष्टाचाको रोग निदान गर्न सक्दैन भने कहिले र कसले गर्ने ? नेतृत्वले नै सिकाएको छ, यस्ता विषय र मुहान सफा नभई पानी संग्लो हुन्न ।

लोकतन्त्रको अदर्श आम निर्वाचनपछि पनि सार्वजनिक क्षेत्रमा भ्रष्टाचार झन् भइरहनु, व्यापार व्यवसायमा अतिरिक्त खर्च गर्न परिरहनु, पदीय अधिकारको दुरुपयोग भइरहनु, अनुगमन पक्ष कमजोर हुनु भनेको राज्यको कमजोर पक्ष हो । खासगरी ठेक्कापट्टामा, सार्वजनिक सेवा प्राप्त गर्दा, कर भुक्तानीमा, छिटो न्याय पाउने कुरामा भ्रष्टाचारको सम्भावना अधिक रहने गरेको सुनिन्छ । हाम्रा पूर्वाधारले पनि सोको पुष्टि गरेको छ । कसरी गलेको छ संरचना अहिले, राजनीतिक भ्रष्टाचार त अन्य भ्रष्टाचारभन्दा कडा हुन्छ । हिजोआज सबैतिर खर्च बढेको, चुनाव पनि निकै खर्चिलो भएको, शिक्षा, स्वास्थ्य भनौं समग्र बजार अति महँगो भएको छ र सिंगो प्रशासन नै वदनाममा छ अहिले । आजको समाजले बहादुरी सम्झेको छ, कहाली लाग्दो अनि अनगिन्ती कुकर्म गरेर, हिंसा पनि ढाकछोप हुने गरेको छ ।

बलको तुजुक छ, चरम लापरबाही छ, ओठेभक्ति जताततै सन्नाटा छ । सुशासन र शान्ति गोहीको आँसुजस्तो भएको छ । दशैंमै अभियन्ताहरुको टाउको फोरियो । आज हामीले कल्पना गरेको शान्ति र समृद्धि वास्तवमै हेर्नलायक छैन । विकासका नाममा गाउँ-बस्तीमा डोजर दौडाएर भए/नभएको पैसा रोपेर बाढीपहिरोको समस्या थपिएन र ? भ्यूटावरले नेपालको समृद्धि कहिले देख्ला ? काम खोज्दै विदेशिएका छन् आम नेपाली, यहाँ सम्भावना किन भएन ? गाउँको बस्ती र रहनसहन खोइ त आज ? समाज सबै मिलेर फेरि एकपटक हामीले सोचेजस्तो मौलिक र असल समाज निर्माणतर्फ अग्रसर हुने बेला भएन र ? जनअनुमोदित सरकारले जनताकै हितमा काम गर्नुपर्ने हो । घोषणापत्रअनुसार जनताको मन जितेर जनप्रतिनिधि आएका हुन्छन् । तिनले गरेका बाचा पुऱ्याउनुपर्छ । शब्दको पुलिन्दाले जीविकोपार्जन हुन्न र पेट भरिन्न, न देशको विकास नै । त्यसैले सबै जनप्रतिनिधिले देशको विकास र असल समाज निर्माणमा लाग्नुपर्ने हो तर पैसामा बिकेका छन् ती ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक ८ गते बिहीबार २४ अक्टोबर २०२४ । सप्तमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:१०, सूर्यास्त ५:२४ । विश्व विकास सूचना दिवस । संयुक्त राष्ट्रसंघ दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बादविवाद बढ्ने | तुला | : चिन्ता बढ्ने |
| वृष | : घरेलु काममा रुचि | वृश्चिक | : मान मर्यादामा वृद्धि |
| मिथुन | : प्रयासहरु फलदायी हुने | धनु | : लेनदेनको विवाद बढ्ने |
| कर्कट | : कुरा काट्नेहरु सक्रियता | मकर | : स्वास्थ्यमा सुधार हुने |
| सिंह | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | कुम्भ | : अध्ययनमा प्रगति हुने |
| कन्या | : अरुको विश्वास जित्न सकिने | मीन | : रोग एवम् चिन्ता बढ्ने |

### सरकारको १०० दिन :

# बलिया साझेदार, औसत सरकार



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले प्रहरी दिवसको अवसरमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै वर्तमान सरकारको आयुबारे फेरि बोलेका छन् । ३० असोजमा आयोजित त्यस कार्यक्रममा प्रधानमन्त्री ओलीले अझै एक वर्ष ९ महिना आफूले सरकारको नेतृत्व गर्ने र त्यसपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई हस्तान्तरण गर्ने बताए ।

यो बाहेक अरु प्रचार गलत रहेको ओलीको प्रष्टोक्ति थियो । 'दशैंपछि तुरुन्त परिवर्तन (सरकार) हुन्छ रे', उनले भनेका थिए, 'कुन दशैं भन्या ? ०८४ को दशैंपछि चुनावमा ? ठीकै हो ।' त्यही सम्बोधनमा ओलीले आफू लगभग दुई तिहाइ संसदीय बहुमतको प्रधानमन्त्री रहेको पनि बताए । 'यो खरानीको डल्लो होइन, सरकारसँग लगभग दुई तिहाइ छ भन्ने सबैमा हेक्का रहोस्', ओलीको सन्देश थियो ।

सय दिनअघि (३० असार २०८१ मा) कांग्रेसको समर्थनमा प्रधानमन्त्री नियुक्त ओलीले सरकारको आयुबारे बोलेको यो पहिलोपटक होइन । प्रधानमन्त्री नियुक्त भएको १५ दिनमै मन्त्री र सचिवहरुलाई संयुक्त निर्देशन दिदै ओलीले सरकारको आयुबारे बोलेका थिए । 'यो सरकार मेरो नेतृत्वमा दुई वर्ष चल्ने हो, दुई वर्ष पुग्नु भन्दा एक हप्ता अगाडि नै मैले राजीनामा गरिसकेको हुन्छु', ओलीले भनेका थिए, 'यसपछि शेरबहादुरजीको नेतृत्वमा चुनावसम्म जाने हो ।'

चौथोपटक प्रधानमन्त्री बनेका ओलीले १४ साउनमा मन्त्री र सचिवहरुलाई संयुक्त निर्देशन दिइरहदा प्रयोग गरेको उक्त भाषालाई तत्कालीन सन्दर्भमै अर्थ्याइएको थियो । त्यो भनेको कांग्रेस नेतृत्वलाई सहकार्यबारे विश्वासमा लिने र कर्मचारीहरुलाई राजनीतिक स्थायित्वको सन्देश दिने ।

किनकि सरकारको आयुबारे त ६ साउनमा विश्वासको मत लिने क्रममै प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा बैठकमै लिखित सम्झौता पढेर सुनाएका थिए । १७ असारमा कांग्रेससँग भएको ७ बुँदे लिखित सम्झौताको ४ नम्बर बुँदामा ओली र देउवाबीच आलोपालो प्रधानमन्त्री हुने सहमति छ ।

'राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मंसिरमा हुने आम निर्वाचनसम्म कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने', सहमति पत्रमा लेखिएको छ ।

तर लिखित सहमति संसदमै सुनाएका ओलीले यो अवधिमा पटकपटक सरकारको आयुबारे सार्वजनिक अभिव्यक्ति दिएका छन् । एमाले नेताहरुका अनुसार कतिपय आन्तरिक तथा बाह्य शक्तिहरु यो सरकारविरुद्ध लागि परेकाले प्रधानमन्त्रीले यस्तो सन्देश दिनुपरेको हो ।

'धेरथोर होलान्, तर आन्तरिक र बाह्य शक्तिहरु सरकारविरुद्ध लागेका छन् । त्यसैले दुई तिहाइको सन्दर्भ सम्झाउनु परेको हो', प्रधानमन्त्री निकट एक नेता भन्छन् । उनका अनुसार आन्तरिक भन्दा पनि बाह्य शक्तिको त्रास बढी छ ।

प्रधानमन्त्री ओलीले आन्तरिक छलफलहरुमा पनि सरकारविरुद्ध भइरहेको चलखेलबारे ब्रिफिङ गर्दै आएका छन् । आइतबार, ४ कात्तिकमा केन्द्रीय मूख्यालय च्यासलमा बसेको सचिवालय बैठकमा पनि अध्यक्ष एवं प्रधानमन्त्री ओलीले सरकार विरोधी शक्तिहरु सक्रिय रहेको बताएका थिए ।

विशेषगरी दक्षिणी छिमेक भारतको साथ नरहेको निष्कर्षकै कारण सरकारको आयुबारे नेताहरु ढुक्क देखिदैनन् । अहिलेसम्म एकअर्का देशको भ्रमणमा ओली र समकक्षी नरेन्द्र मोदी ननिस्कनुले पनि भारतीय संस्थापनसँग सरकारको सम्बन्ध सहज नरहेको अनुमान लगाउन सकिन्छ ।

गत ३१ भदौको प्रतिनिधि सभा बैठकमा ओलीले दिएको अभिव्यक्तिबाट त सरकारप्रति भारत सकारात्मक नरहेको सहजै बुझ्न सकिन्थ्यो । 'सरकार असल छिमेकीको रुपमा छिमेक सम्बन्ध कायम राख्न चाहन्छ, छुद्र जाली छिमेकी होइन', त्यसदिन ओलीले भनेका थिए ।

प्रधानमन्त्री ओलीले यस्तो अभिव्यक्ति दिनुअघि परराष्ट्रमन्त्री डा.आरजु राणा नयाँ दिल्ली पुगेर फर्किएकी थिइन् । तर ओलीको भारत भ्रमण त टाढाको कुरा भयो, संयुक्त राष्ट्रसंघको महासभा बैठकमा मोदीसँग 'साइडलाइन' भेटवार्ताको टुंगो समेत थिएन । त्यस्तो बेला ओलीले दिएको अभिव्यक्ति अर्थपूर्ण थियो ।

भलै अमेरिकी भ्रमणका क्रममा मोदीसहित थुप्रै देशका कार्यकारी प्रमुखसँग ओलीको भेटवार्ता भयो । तर अमेरिकाबाट फर्केपछि पनि ओलीमा सत्ता गुम्ने भय कायमै रहेको उनकै अभिव्यक्तिहरूबाट अनुमान लगाउन सकिन्छ ।

**औसत कार्यसम्पादन**

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार बिस्थापित गरी कांग्रेस र एमालेबीच सत्ता सहकार्यको निर्णय गर्दा भने नेताहरुले राजनीतिक स्थायित्वलाई मुख्य पक्ष मानेका थिए । सरकारप्रति नागरिकको बढ्दो असन्तुष्टि राजनीतिक स्थायित्वबाट समाधान हुने उनीहरुको निष्कर्ष थियो ।

कांग्रेस-एमाले मिलेर स्थायित्वको आधार तयार पार्ने भन्दै सहमतिको पहिलो नम्बरमै लेखिएको थियो, 'आम जनताको चाहना बमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन, राजनीतिक अस्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने ।'

तर सात बुँदे सहमति बमोजिम ओली प्रधानमन्त्री बनेको सय दिन पुग्दा राष्ट्रिय सहमतिको सरकार बनेन । अशोक राईको जसपा, महन्थ ठाकुरको लोसपा, सीके राउतको जनमत र रेशम चौधरीको नाउपालाई सरकारमा सहभागी गराइयो, र बाँकी दल फुटाउन अध्यादेश ल्याउने तयारी चलिरहेको छ ।

राजनीतिक दल सम्बन्धी ऐन संशोधन गर्न अध्यादेश ल्याउने सरकारी तयारीको सूचना पाएपछि विपक्षी दलहरुले बालुवाटार पुगेर प्रधानमन्त्री ओलीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् । सोमबार, (५ कात्तिकमा) माओवादी, एकीकृत समाजवादी, राप्रपा, रास्वपा र आम जनता पार्टीले १३ बुँदे ज्ञापनपत्र मार्फत् अध्यादेश नल्याउन चेतावनी दिएका छन् ।

'राज्यसामु आएका जल्दा बल्दा समस्याहरुलाई सम्बोधन गर्न संसदमा रहेका प्रतिपक्षी दलहरु समेतको सल्लाह सहयोग लिई एकताको सन्देश प्रवाहित गर्नुको साटो सरकार टिकाउन दुई दलीय तानाशाही लाद्न तथा अन्य दलहरुलाई विभाजन गर्ने उद्देश्य राखेर राजनीतिक दल सम्बन्धी अध्यादेश जारी गर्ने जस्ता कुनै पनि कार्य नगरियोस्', ज्ञापनपत्रमा लेखिएको छ ।

अर्थात् मुख्य दलहरु कांग्रेस-एमाले मिलेपनि प्रधानमन्त्री ओलीमा स्थायित्वको चिन्ता कायमै देखिन्छ भने विपक्षी फुटाएर सम्भावित संकट टार्ने चाहना लुकेको छैन । यसरी प्रधानमन्त्री ओली राजनीतिक उल्झनमा अल्मलिदा सरकारप्रति भरोसा दिलाउनेगरी कुनै ठोस् काम भने हुन सकेको देखिएन ।

यद्यपि प्रधानमन्त्री, उनको दल र सरकारका प्रवक्ता भने सयदिने अवधिमा युगिन काम भएको दाबी गरिरहेका छन् । सरकारी समाचार एजेन्सी राससलाई अन्तर्वार्ता दिदै सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरुङले भनेका छन्, "१०० दिनसम्म आइपुग्दा राम्रा र युगीन महत्का कामहरु भएका छन् । यो सरकार गठन भएपछि लामो समयदेखि थन्किएको टीआरसी विधेयक पास भएको छ ।'

मन्त्री गुरुङको दाबी जस्तै बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन को संशोधन विधेयक (टीआरसी विधेयक) पारित हुनु उपलब्धि नै हो । प्रमुख प्रतिपक्षी माओवादी पनि टीआरसी चाँडो टुंग्याउने पक्षमा रहेकाले सरकारले यो सफलता पाउन सक्यो । तर यसबाहेक सरकारसँग देखाउने प्रगति छैन । बरु उल्लेखनीय काम गर्न नसकिएको स्वीकारोक्ति छ । 'हन्ड्रेड डेज, विथिन फिउ विक्स् हामीले उल्लेखनीय काम नगरेकै हो भन्ने कुरा भन्न चाहन्छु', उपप्रधान एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहले भने ।

५ कात्तिकमा मन्त्री सिंहले मन्त्रालयको सयदिने प्रगति विवरण सार्वजनिक गर्दै चलिरहेकै परियोजनाहरु बढाउने काम भएको बताए । 'धरहरा सञ्चालनमा ल्याएका छौं, अरु काम पनि भएको छ । तर सरकारले केही गरेन भनेर प्रचार नगरिदिनु होला', उनको आग्रह थियो ।

सिंह कांग्रेसबाट सरकारको नेतृत्व गर्ने उपप्रधानमन्त्री हुन् । उनले जस्तै अभिव्यक्ति नदिएपनि अरु मन्त्रीहरुको अवस्था मिल्दोजुल्दो छ । तर सबै मन्त्रालयले सय दिने लक्ष्य निर्धारण गरेकाले प्रगति विवरण सार्वजनिक गरिदैछ ।

बरु यो हनिमुन अवधिमा सरकारको नियतप्रति अविश्वास सिर्जना हुने र त्यसको खण्डनमा सत्तारुढ नेताहरुले प्रयत्न गरिर हनुपर्ने परिस्थिति देखियो । त्यसको बलियो उदाहरण सरकार बनेको झण्डै दुई महिनापछि (२४ भदौमा) सरकारको न्यूनतम तथा साझा कार्यक्रम बनाउने निर्णय गरिनु हो ।

सात बुँदे सहमतिप्रति नै अविश्वास सिर्जना भएपछि न्यूनतम साझा कार्यक्रममार्फत् नागरिकमा भरोसा दिलाउने प्रयास गरिएको थियो । कांग्रेस महामन्त्री गगन थापा र सहमहामन्त्री डा.प्रकाशशरण महत अनि एमाले उपमहासचिवद्वय प्रदीपकुमार ज्ञवाली र विष्णु रिमाल सदस्य रहेको कार्यदलले २ असोजमा तयार पारेको प्रतिवेदनमा सरकारले गर्ने कामहरुको थप व्याख्या गरिएको छ ।

जबकी सत्तारुढ नेताहरुले ओली प्रधानमन्त्री हुनुअघि एमालेको समेत समर्थनमा चालु आर्थिक वर्ष ०८१/०८२ को बजेट आइसकेको र कांग्रेससँग सत्ता सहकार्यबारे सात बुँदे सहमति गरिएकाले न्यूनतम साझा कार्यक्रम आवश्यक नरहेको तर्क गरिरहेका थिए ।

तर माओवादी केन्द्रसहित विपक्षी दलहरुले सात बुँदेमा उल्लिखित संविधान संशोधनको एजेण्डालाई 'प्रतिगमनको यात्रा' भनेर प्रचार गरे । विशेषगरी समावेशी सिद्धान्त र बहुलवादप्रति अनुदार बनेर संविधान संशोधन गर्न लागिएको विपक्षीको प्रचारले सरकार र सत्तारुढलाई सजिलो परेन ।

किनकि यस्तो आरोपले कांग्रेस-एमालेको निष्ठा, प्रतिवद्धता र इतिहासको खण्डन गर्थ्यो । त्यसैले विपक्षी प्रचारको खण्डन गर्न सात बुँदेको व्याख्या गर्नेगरी न्यूनतम साझा कार्यक्रम तयार पारियो, र प्राप्त राजनीतिक उपलब्धि थप सुनिश्चित गरिने सार्वजनिक प्रतिबद्धता जनाइयो ।

'संघीयता कार्यान्वयनका सन्दर्भमा रहेका अप्ठ्याराहरू कार्यान्वयनमा लैजान्छौं । बनाउनुपर्ने कानुन तत्काल बनाउँछौ । संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशी प्रणाली अझै मजबुत बनाउन वस्तुनिष्ठ समीक्षा गरेर परिमार्जन गर्छौं', न्यूनतम कार्यक्रमको प्रतिबद्धताबारे २ असोजमा महामन्त्री थापाले निष्कर्ष सुनाएका थिए ।

लीलादेवी गड्तौलालाई मुख्यसचिव बनाउने निर्णय पनि एकप्रकारले सत्तारुढको जवाफ नै थियो । किनकि अघिल्लो सरकारबाट गड्तौला मुख्यसचिव बन्ने संकेत देखिएको थिएन । तर, इतिहासमै पहिलोपटक एक महिलालाई कर्मचारी प्रशासनको नेतृत्व दिनु यो सरकारको देखिने एक उपलब्धि थियो ।

**मुख्यसचिव लीलादेवी गड्तौला**

यो निर्णय राजनीतिक सन्देशका निम्ति पनि गरिएको थियो भन्ने पुष्टि एमाले पंक्तिले गरेको प्रचारबाट बुझ्न सकिन्थ्यो । उनीहरुले एमाले समावेशी प्रणालीको पक्षधर रहेको दाबी पुष्टि गर्न राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुख पछि पहिलो मुख्यसचिव महिला बनाएको तथ्य प्रचार गरेका थिए ।

**उस्तै अविश्वास**

पहिलो र दोस्रो दल मिलेर सरकार बनाउनु संसदीय लोकतन्त्रको मान्यता विपरीत भएपनि ओली नेतृत्वमा सरकार बनाउँदा नेताहरुले नागरिक असन्तुष्टिप्रति चिन्ता गरेका थिए । प्रचण्ड प्रधानमन्त्री रहेसम्म नागरिकमा सरकारप्रति विश्वास नहुने उनीहरुको निष्कर्ष थियो ।

कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले त तत्कालीन सरकारप्रति पूर्णत: नागरिकको विश्वास टुटेको दावी गरेका थिए । ३० फागुन २०८० को प्रतिनिधि सभा बैठकमा उनले एक महात्माको कथा मार्फत् राज्य र नागरिकको विश्वासबारे तर्क गरेका थिए ।

उनको निष्कर्ष थियो, राज्यप्रति विश्वास भयो भने रोटी र सुरक्षाको प्रबन्ध नागरिक आफैंले गर्छन् । 'राज्यप्रति र राज्यको नेतृत्वप्रति नागरिकको अपेक्षा के हुन्छ तीन वटामा भन्यो भने महात्माले भनेछन्- रोटी, सुरक्षा र विश्वास । दुईवटा मात्रै भए सुरक्षा र विश्वास राज्यले व्यवस्था गऱ्यो भने रोटीको प्रबन्ध नागरिक आफैंले गर्छ', महात्मालाई उदृत गर्दै शर्माले भनेका थिए, 'अनि केबल एउटा मात्रै राज्यले दिनुपऱ्यो भने, विश्वास । तब नागरिकले सुरक्षा र रोटीको प्रबन्ध आफैं गर्छ । आज हाम्रो देशमा सबैभन्दा बढी धराप अवस्था यही विश्वासमा छ ।'

सरकारप्रति नागरिकको विश्वास नरहेको प्रमाण दिन शर्माले केही उदाहरण पेश गरेका थिए । 'सेवा लिन जाँदा प्रशासकसँग अविश्वास, उपचारमा जाँदा डाक्टरसँग अविश्वास, बजार जाँदा व्यापारीप्रति र कक्षा कोठामा शिक्षकप्रति अविश्वास छ', उनले भनेका थिए, 'वल्लो घर, पल्लो घर छिमेकीप्रति अनि हामी नेतृत्वप्रति हेर्दै गर्दा हामीप्रति पनि विश्वास नभइरहेको अवस्था छ ।'

तर नयाँ सरकारको सयदिने अवधिमा भएका मुख्य घटनाक्रममै नागरिकको विश्वास जित्ने निर्णय हुन सकेन । सरकारले नागरिकको विश्वास जित्न नसकेको बलियो उदाहरण दशैंअघिको बाढी, पहिरो र डुबानको संकटमा सरकारको भूमिका हो ।

राजधानी नख्खु खोलामै बाढीमा परेका मानिसलाई नागरिकले उद्धार गरिरहँदा गृहमन्त्रीले 'बगेकाहरु बचाउन नसकिएको' जानकारी दिएको प्रसंग सरकार निरीह रहेको प्रतीक घटना बन्यो । बाढी पहिरोबाट ठूलो संख्यामा जनधनको क्षति हुँदा मन्त्रीहरु प्रधानमन्त्री पर्खेर बस्ने अनि प्रधानमन्त्री अमेरिकास्थित विश्व विद्यालयको अन्तर्क्रियामा बोल्दै थिए ।

प्रधानमन्त्री फर्किएपछि (बाढी पहिरोको ५ दिनपछि १४ असोजमा) बल्ल मन्त्रिपरिषद् बैठक बसेर राष्ट्रिय शोकको निर्णय भयो । संकटका बेला राज्यको उपस्थिति सशक्त हुनुपर्नेमा सरकारी संयन्त्रले क्षतिको प्रारम्भिक विवरण सार्वजनिक गर्न समेत सकेको देखिएन । १९ असोजमा मात्र ४१ पालिकालाई विपद् संकट क्षेत्र घोषणा गर्ने निर्णय भएको थियो ।

अर्थात् उद्धार, राहत र अस्थायी पुनर्स्थापनामा सरकारको भूमिका विश्वासयोग्य रहेन । सरकारले नागरिकमा विश्वास दिलाउन नरहेको अर्को प्रशंग हो, क्षतिग्रस्त बीपी राजमार्गबारे निष्कर्ष । बाढी पहिरोबाट यो राजमार्ग पूर्णत: क्षतिग्रस्त हुँदा सयौं मानिस अलपत्र परेका थिए । घण्टौं पैदल हिडेर उनीहरु राजधानी हुँदै आ-आफ्ना गन्तव्यतर्फ पुगे ।

हप्ता दिनपछि हेलिकप्टर बाट अनुगमन गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले यो राजमार्ग अस्थायी सञ्चालन पनि अनिश्चित रहेको जानकारी दिए । १७ असोजमा मन्त्रालयमा पत्रकार सम्मेलन गरेर मन्त्री दाहालले नसोचेको क्षति भएको निष्कर्ष सुनाइरहँदा बीपी राजमार्ग अस्थायी सञ्चालनको प्रयत्नमा स्थानीय सरकार, त्यहाँका नेताहरु, व्यवसायी, अलपत्र परेका सवारी चालकहरु, अनि स्थानीय खटिदै थिए । तर, २४ असोजबाट (दशैं अष्टमीको दिन) यो राजमार्ग खुल्यो । अर्थात् सरकारका मन्त्रीहरुको कुरा विश्वास योग्य बन्न सकेन ।

बाढी पहिरोको संकटबाट पीडित उद्धार गर्न चुक्ने मात्र नभएर अरु थुप्रै प्रकरणमा प्रधानमन्त्री र मन्त्रीहरु आलोचित भइरहे । राजधानी उपत्यकाका खोलाहरुको किनार बढाउने सर्वोच्चको फैसला, न्यूरोडको सडक फराकिलो बनाउने महानगरको निर्णय, एमाले प्रदेश सांसदको घरबाट उद्धार गरिएकी बालिका प्रकरण लगायत घटनामा प्रधानमन्त्री ओली र काठमाडौं महानगरका मेयर बालेन भिडिरहे ।

कतिसम्म भने बालेनका समर्थकहरुले 'अनफलो' अभियान चलाउँदा प्रधानमन्त्री ओलीले प्रतिरक्षामा सिंगो पार्टी पंक्तिको साहरा लिनुपऱ्यो । एमाले नेताहरुले प्रधानमन्त्री ओलीको फेसबुक पेज लाइक र शेयर गर्न कार्यकर्तालाई निर्देशन दिए । तर पनि अपेक्षित नतिजा नआउँदा ओलीको फेसबुक पेजबाट फलोअर संख्या नदेखिने बनाइयो ।

यही अवधिमा प्रधानमन्त्री ओलीको आलोचना उपसभामुख इन्दिरा रानामगर हटाउने प्रस्ताव, राजनीतिक दल सम्बन्धी ऐन संशोधन गर्न अध्यादेशको तयारी र व्यवसायी मीनबहादुर गुरुङबाट दानमा एक अर्ब भन्दा बढीको केन्द्रीय कार्यालय भवन स्वीकार्ने निर्णयमा भयो । यसको अर्थ नागरिकको विश्वास जित्ने काम सरकारको सय दिनमा हुन सकेन ।

एकीकृत समाजवादीका महासचिव घनश्याम भूसाल प्रधानमन्त्री ओलीको यो उल्टो यात्राबाट राज्यप्रति नागरिकमा विश्वास नजाग्ने बताउँछन् ।

'असन्तुष्टहरुको रुझान पपुलिजमतर्फ छ, पपुलिस्टहरुले अराजकताको सहारा लिदैछन्, र त्यो रोक्न प्रधानमन्त्रीले तानाशाही बाटो समात्दैछन्', भूसाल भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'तेल भिसा'को गीतमा दीलिपदेखि अरुणिमासम्मको नृत्य



काठमाडौं/निर्देशक शंकर घिमिरेको कमब्याक फिल्म 'तेल भिसा'को प्रदर्शन मिति नजिकिँदै गर्दा श्रृंखलाबद्ध रुपमा पोस्टर तथा गीतहरु सार्वजनिक भइरहेका छन् । 'हरि नाम झैं' र 'तुकुनको मुकुन' गीतपछि मंगलबार फिल्मको तेस्रो गीत 'कति रमाइलो' सार्वजनिक गरियो । अमेरिकामा खिचिएको गीतमा अभिनेत्री वर्षा राउतको 'बेबी सावर'मा भएको जमघट र नाचगानलाई प्रस्तुत गरिएको छ ।

अञ्जु पन्त र आशिष अविरलको गायन रहेको गीतमा एक नारायण भण्डारीको शब्द तथा गायक अविरल स्वयंको संगीत छ । शिशिर खातीको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा अमेरिकामा रहँदै आएका कलाकारहरु दीलिप रायमाझी, सुशील क्षेत्री, अरुणिमा लम्साल, उषा पौडेल, विमलेश अधिकारी, अनुराग कुँवर नृत्य गर्दै प्रस्तुत छन् भने फिल्मका मुख्य कलाकारहरु वर्षासहित विपिन कार्की, पूजा चन्द र ऋचा घिमिरेलाई पनि भिडियोमा देख्न सकिन्छ ।

आगामी मंसिर ७ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्ममा बुद्धि तामाङ, सुचित्रा उप्रेती, अमेरिकी कलाकारहरु फ्रान्सिस शेरमन, ज्याक बेल लगायतको पनि अभिनय छ । यसमा विपिनले बुबा र छोराको गरी दोहोरो भूमिका निभाएका छन् । ऋचा घिमिरे प्रस्तुतकर्ता रहेको 'तेल भिसा'को निर्मातामा अनिल पाण्डे र शिवराज कार्की छन् भने प्रिन्स युवराज कार्की र श्रुती दाहाल कार्यकारी निर्माता हुन् । यसमा सुशन प्रजापतिको छायांकन छ ।

मंगलबार गीत रिलिज कार्यक्रममा ऋचाले १० वर्षपछि फिल्म गर्दा एकदमै उर्जा महसुस भएको अनुभव सुनाइन् । भन्छिन्, 'फिल्म नखेल्दा वा नबनाउँदा अक्सिजनको कमी हुने वा बाँच्नका लागि दिन कम हुने त होइन । तर, आफूलाई मन परेको काम गर्दा एकदमै उर्जा आउने रहेछ । १० वर्षपछि फिल्म गर्दा त्यो महसुस गरैं । यस्तो लाग्यो मेरो झुकाव र लगाव फिल्मप्रति नै रहेछ ।'

# चैत १ गतेलाई दयाहाङको 'राजागञ्ज' रिलिज घोषणा



काठमाडौं/विश्वका प्रतिष्ठित भेनिस, बुसान, ह्यम्बर्ग, मुम्बई फिल्म फेस्टिभलमा आफ्नो प्रभाव छाडेको अभिनेता दयाहाङ राई स्टारर फिल्म 'राजागञ्ज'को प्रदर्शन मिति घोषणा गरिएको छ । यसै साता मुम्बई फिल्म फेस्टिभलमा स्क्रिनिङ भएको फिल्मलाई आगामी चैत १ गते प्रदर्शन गरिने निर्माण कम्पनी आदि फिल्म्सले जनाएको छ । फागु पूर्णिमाको अवसरमा फिल्म रिलिज हुन लागेको हो ।

नेपालमा 'राजागञ्ज' नाममा फिल्म प्रदर्शन हुने भए पनि विदेशका फेस्टिभलहरुमा 'पूजा, सर' शीर्षकमा स्क्रिनिङ हुँदै आएको छ । फिल्मको निर्मातामा दयाहाङ राई, रामबाबु गुरुङ लगायत छन् भने कार्यकारी निर्माताको रुपमा बलिउडका प्रसिद्ध निर्देशक तथा कलाकार अनुराग कश्यप जोडिएका छन् । हालै अंग्रेजी म्यागजिन भेराइटीसँगको कुराकानीमा अनुरागले यो फिल्ममा जोडिन पाउनु आफ्नो लागि गर्वको कुरा रहेको बताएका छन् ।

फिल्मलाई दीपक रौनियारले निर्देशन गरेका हुन् । उनका अघिल्ला दुई फिल्म 'हाइवे' र 'ह्वाइट सन' समीक्षात्मक रुपमा अब्बल ठहरिएका थिए । सन् २०१७ मा चर्चित अमेरिकी अखबार न्यूयोर्क टाइम्सले दीपकलाई हेर्नै पर्ने विश्वका ९ निर्देशकहरुको सूचीमा राखेको थियो । उनले विश्व प्रतिष्ठित लोकार्नो, सिड्नी जस्ता फेस्टिभलमा जुरीको भूमिका समेत निभाइसकेका छन् ।

'राजागञ्ज'मा दयाहाङसहित आशा मगराती, विजय बराल, नीकिता चाण्डक, ऋचा शर्मा, गौमाया गुरुङ, पशुपति राई, पुष्पा यादव लगायतको अभिनय छ । यो फिल्मलाई दयाहाङ सहासी महिलाको कथा मान्छन् । 'यो आर्ट र कमर्शको उत्कृष्ट संगम हो ।

यसको मेकिङ, टेक्निकल लेयर्स र प्रस्तुति उच्चस्तरको छ,' उनले भनेका छन् । यो फिल्मको फ्रान्स, जर्मनी, स्विजरल्यान्ड, बेलायत, आयरल्यान्ड जस्ता देशका लागि महंगो मूल्यमा प्रदर्शन अधिकार बिक्री भइसकेको छ ।

# 'देववाणी' टिजरमा कुन्दनको एक्सन अवतार



काठमाडौं/आगामी मंसिर ७ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'देववाणी'को टिजर सार्वजनिक गरिएको छ । मंगलबार सार्वजनिक १ मिनेट १५ सेकेण्ड लम्बाई टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । गाउँलेको रक्षाका लागि एक पात्रले गर्ने संघर्षको कथावस्तुमा फिल्म बनेको टिजरले जनाउँछ । अभिनेता कुन्दन भारद्वाजलाई एक्सन अवतारमा प्रस्तुत गरिएको छ ।

बाबु साहेब बलामी निर्देशित फिल्ममा कुन्दनसहित सुनिल थापा, अनुजा लेप्चा, रविन्द्र झा, ु व कोइराला, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, लक्ष्मीनाथ तिमिल्सेना, ह्यारी जोश (बलिउड कलाकार), मौसम पौडेल लगायतको अभिनय छ । फिल्मलाई नेपाली र हिन्दी भाषामा निर्माण गरिएको निर्देशक बलामीले जानकारी दिए ।

मौसम फिल्मस् प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टको निर्माण रहेको फिल्ममा मीना खड्का र हिराबहादुर लेप्चा निर्माता छन् । कार्यकारी निर्माता मनकुमार लेप्चा र रमेश ढुंगेल 'झापाली' हुन् । यसमा निराजन मेहता मन्जिलको पटकथा तथा संवाद लेखन, हरिबहादुर घलेको छायांकन, श्री श्रेष्ठ र देव महर्जनको द्वन्द्व निर्देशन तथा मनोहर सुनाम र सन्तोष प्रगाढको संगीत छ ।

# सलोनले सुरु गरे 'रंगी'को छायांकन

काठमाडौं/अभिनेता सलोन बस्नेतले आफ्नो नयाँ फिल्म 'रंगी'को छायांकन सुरु गरेका छन् । मंगलबार काठमाडौंको नक्सालमा स्क्रिप्ट र क्यामेरा पूजा गर्दै छायांकन थालिएको हो । फिल्मको छायांकन अवधि ३० दिनको रहने निर्माण पक्षले जनाएको छ । फिल्मको सम्पूर्ण छायांकन काठमाडौं उपत्यकाभित्र हुनेछ । सलोन स्वयं प्रस्तुतकर्ता रहेको फिल्मका निर्देशक सुरेश न्यौपाने हुन् ।

फिल्ममा सलोनसहित पूर्व मिस नेपाल नम्रता श्रेष्ठ, दीलिप रायमाझी, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी लगायतको पनि अभिनय रहनेछ । नम्रताले यही फिल्मबाट अभिनेत्रीको रुपमा डेब्यु गर्न लागेकी हुन् । बाबु-छोरीको कथामा बन्न लागेको फिल्मको निर्मातामा सक्षम सुवेदी छन् ।

सुमन गजमेरको लेखन रहेको फिल्ममा सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम विसीको संगीत तथा कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी रहनेछ । फिल्मलाई यसै वर्ष रिलिजको तयारी गरिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



यसवर्ष पर्याप्त वर्षा भएकाले मकवानपुरको इन्द्रसरोवरस्थित कुलेखानी जलविद्युत् अयोजनाको जलाशय भरिभराउ छ । यही असोज १२ गते जलाशयमा पानीको सतह खतराको तहभन्दा माथि पुगेको थियो । त्यतिबेला आयोजनाको ड्याम फुट्ने खतरा बढेपछि आयोजनाका दुवै ढोकाबाट पानी छाडेर जलाशयमा पानीको सतह झण्डै एक मिटर घटाइएको थियो । जलाशय क्षेत्रमा यसवर्ष ठूलो वर्षा भएकाले आयोजनामा अहिले पर्याप्त पानी जम्मा भएको कुलेखानी जनविद्युत् आयोजना (प्रथम)का प्रमुख इन्जिनिय तारादत्त भट्टले बताए ।
*तस्बिर: इन्द्रसरोवर युवा क्लब*

# मक्वानपुरमा विपद्बाट ज्यान गुमाएका ७ मृतक परिवारलाई राहत रकम

साझाकुरा संवाददाता

हेटौंडा, ६ कात्तिक/गृह मन्त्रालयले गत असोज १० गतेदेखि १२ गतेसम्म बाढीपहिरोबाट ज्यान गुमाएका मकवानपुरका ७ सहित २३८ जना मृतक परिवारलाई राहत रकम दिएको छ ।

मन्त्रालयका प्रवक्ता सहसचिव ऋषिराम तिवारीका अनुसार विपद्मा परी ज्यान गुमाएका २ सय ३८ जना मृतकका परिवारलाई राहत रकम दिइएको हो । जसमध्ये मकवानपुरका ७ जना रहेका छन् । इन्द्रसरोबर गाउँपालिकाको सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ६ बालकको पहिरोले पुरिएर र बागमती गाउँपालिकामा पहिरोले घर पुरेर एक युवतीको मृत्यु भएको थियो ।

प्रतिमृतक २ लाख रुपैयाँका दरले रकम दिइएको गृह मन्त्रालयले जानकारी दिएको छ । विपदमा ज्यान गुमाएकामध्ये १२ जनाको परिवारले भने राहत पाएका छैनन् । पारिवारिक विवरण यकिन नभएको, हकदार नभएको, कागजात मिलाउन बाँकी रहेको जस्ता कारणले उनीहरुको परिवारलाई राहत रकम दिन नसकेको सहसचिव तिवारीले बताए ।

अहिलेसम्म मृतकका परिवारलाई राहतस्वरुप ५ करोड ४६ लाख रुपैयाँ वितरण गरिएको उनको भनाइ छ । काभ्रेमा ज्यान गुमाएका ७९ मध्ये ७८, ललितपुरका ४६ मध्ये ४५, धादिङका ३६, काठमाडौंका १९, पाँचथर, मकवानपुर, सिन्धुपाल्चोक र दोलखाका ७/७ मृतक परिवारले राहत पाएका छन् ।

त्यस्तै सोलुखुम्बुका ५, भक्तपुर र रौतहटका ४/४, सर्लाही र सिन्धुलीका ३/३, झापा, महोत्तरी र रुपन्देहीका २/२, इलाम, धनकुटा, उदयपुर, ओखलढुंगा, रामेछाप, सप्तरी र सिरहाका १/१ जना मृतक परिवारलाई पनि राहत र कम दिइएको मन्त्रालयले जनाएको छ । विपद्मा परी १७७ जना घाइते भएका थिए भने १८ जनाको अवस्था अझै अज्ञात छ ।

असोज दोस्रो साताको विपद्मा परी १ सय ७७ जना घाइते भएका थिए भने १८ जनाको अवस्था अझै अज्ञात छ । विपद्का बेला नेपाली सेनाको हेलिकप्टरदेखि सुरक्षा संयन्त्र प्रभावित क्षेत्रमा खटिएर नागरिकको खोज तथा उद्दार, राहत वितरण र घाइतेको उपचार लगायतको व्यवस्थापनमा खटिएको थियो । त्यसैगरी सरकारले विपद् प्रभावित जिल्लाका प्रभावित पालिकालाई तीन महिनाका लागि संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

# चौघडा मक्राञ्चुली कृषि सडक सञ्चालनमा

साझाकुरा संवाददाता



हेटौंडा, ६ कात्तिक/असोज १०, ११ र १२ गतेको अविरल वर्षाले अवरुद्ध बनेको चौघडा मक्राञ्चुली कृषि सडक मंगलवार देखि सञ्चालनमा आएको छ ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर ६ र मकवानपुर गढी गाउँपालिका ३ नम्बर वडा कार्यालयको प्रयासमा सडक सञ्चालनमा आएको हो । उक्त बाटो सञ्चालनमा ल्याउन हेटौडा उपमहानगरपालिकाले मेशिन उपलबध गराएको थियो । बाटो सञ्चालनमा आएपछि कृषि उपज बजारसम्म ल्याउन र लैजान सजिलो हुनुको साथै साना सवारीसाधन सञ्चालन गर्न सजिलो भएको मकवानपुरगढी-३ का वडा अध्यक्ष भागवत घिमिरेले बताए ।

वनडढेलो नियन्त्रण गर्न, वन पैदावार निकाल्न सजिलो हुने र बजारसम्म पुग्न पनि सुविधा हुने रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपानेले बताए । चौघडा मक्रात्रचुली कृषि सडक २ किलोमिटर छ ।

# पोलियो दिवसमा दुई रोटरी क्लबको संयुक्त कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, ६ कात्तिक/पोलियो दिवसमा रोटरी क्लब अफ हेटौंडा र मकवानपुरले संयुक्त रुपमा विभिन्न कार्यक्रमहरु आयोजना गर्ने भएका छन् । मंगलबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै रोटरी क्लब अफ हेटौंडा र रोटरी क्लब अफ मकवानपुरको संयुक्त रुपमा अक्टोबर २४ अर्थात कार्तिक ८ गते पोलियो दिवसको अवसरमा विभिन्न कार्यक्रमहरु आयोजना गर्ने लागेको जनाएको हो ।

पत्रकार सम्मेलनमा रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष अनिलकुमार अग्रवालले कार्यक्रमको पहिलो दिन कार्तिक ७ गते हेटौंडामा अवस्थित संघसंस्था, होटलहरुमा पोलियो सम्बन्धि सुचनामुलक ब्यानर राखिने बताएका छन् । त्यसैगरी पत्रकार सम्मेलनमा दिवसको अवसरमा कार्तिक ८ गते विहिबार विहान ७ वजे साईकल र्यालीको आयोजना गरिने उल्लेख गरिएको छ ।

हेटौंडा २ स्थित मकवानपुर उद्योग वाणिज्य संघको चोकबाट सुरु गरिने साईकल र्यालीले नगर परिक्रमा गर्ने जनाइएको छ । सोहि दिन हेटौंडाको सीमाचोकमा रहेको डिजिटल बोर्डबाट 'इन्ड पोलियो नाउ' लेखिएको जानकारी मुलक सुचना सामग्री प्रसारण गरिनेछ भने बेलुकी हेटौंडाको बुद्धचोकमा दिप प्रज्वलन गरी कार्यक्रमको समापन हुने जनाइएको छ ।


## हार्दिक शुभकामना

शुभ दिपावली एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मनोज तामाङ (अध्यक्ष) एवम्
**शिशिर बचत तथा ऋण सहकारी संस्था लि., परिवार**
**हेटौंडा, मकवानपुर**


## १५ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-०४ कान्तिराजपथको यही मिति २०८१ साल कात्तिक ०९ गते शुक्रबारका दिन १५ औं वार्षिक साधारण सभा हुने भएकोले सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई उक्त वार्षिक साधारण सभामा उपस्थिति हुनको लागि पत्र पठाई सकेको हुनाले कथंकथाचित पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी तपशिलको स्थानमा उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

**तपशिल:**
मिति : २०८१ साल कात्तिक ०९ गते शुक्रबार
स्थान : पाञ्चायन साकोस, हेटौंडा-४, कान्तिराजपथ
समय : बिहान १०:३० बजे ।

अकल सिंह लामा (सचिव)
**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, कान्तिराजपथ, मकवानपुर
फोन नं. ०५७-५२६७४१

## चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**HIMALAYAN LIFE**
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९


## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००७२७२ | रन्जन शाह | हेटौंडा-०४, मकवानपुर |
| २ | PLI१५७०००६६४९ | विर बहादुर थिङ | हेटौंडा-११, मकवानपुर |

## २६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बहुउद्देश्यीय सहकारी संस्थाको २६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको ब्यहोरोको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराइसकिएको छ, कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी साधारणसभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम** :
मिति : २०८१/०७/१० गते शनिबार
समय : बिहान ११:०० बजे
स्थान : हेटौंडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका बिषयहरु** :
१. अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व.२०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. सञ्चालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा।
८. शेयर लाभांश एवम् संरक्षित पूँजी कोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकताअनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिबिध ।

**नोट**: साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

ईश्वर पण्डित (सचिव)
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालय, हेटौंडा-२, पल्पसारोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
**एकिकृत नदी बेसिन सिंचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम**
पुल्चोक, ललितपुर, नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण तयारीको सार्वजनिक सुनुवाईको सूचना

*(प्रकाशित मिति २०८१/०७/०७ गते)*

बागमती प्रदेश, मकवानपुर जिल्ला, मनहरी गाउँपालिका, वडा नं. १ र ५मा एकिकृत नदी बेसिन सिंचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम पुल्चोक, ललितपुर, नेपालबाट निम्न बमोजिमको प्रस्तावहरु कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्ताव नं. १ | तल्लो मकरी लिफ्ट सिंचाइ योजना, मनहरी-१: २१० हे. क्षेत्रमा सिंचाइ, ५ वटा ट्युबवेल निर्माण, ५ वटा रिजर्भ ट्यांकी, वितरण पाइप: ८० मि.मि. को जि. आइ. पाइप, लम्बाइ २५५० मि. |
| प्रस्ताव नं. २ | डिल्लीपुर बसन्तपुर लिफ्ट सिंचाइ योजना, मनहरी-५,: २१० हे. क्षेत्रमा सिंचाइ, ३ वटा ट्युबवेल निर्माण, ३ वटा रिजर्भ ट्यांकी, वितरण पाइप : ३ इन्चको जि. आइ. पाइप, लम्बाइ ६१८२ मि. |

वातावरण संरक्षण ऐन २०७६, को दफा ३ को उपदफा ५ बमोजिम यस प्रस्तावको कार्यान्वयनको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको जनप्रतिनिधि, स्थानीय, तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधानबमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना हुने भएकोले उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय-सुझावहरु दिनुहुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| प्रस्ताव | प्रस्ताव नं. १: तल्लो मकरी लिफ्ट सिंचाइ योजना, मनहरी-१ | प्रस्ताव नं. २ : डिल्लीपुर बसन्तपुर लिफ्ट सिंचाइ योजना, मनहरी-५, |
|---|---|---|
| स्थान | मनहरी गा.पा. वडा नं १, तल्लो मकरी, राधाकृष्ण मन्दिर | मनहरी गा.पा. वडा नं ५ को कार्यालय, बसन्तपुर |
| मिति: | २०८१/०७/१० गते, शनिबार | २०८१/०७/११ गते, आइतबार |
| समय: | दिउँसो १:०० बजे | बिहान ११:०० बजे |

## जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

**राक्सिराङ्ग गाउँपालिकाको कार्यालय**
राक्सिराङ्ग, मकवानपुर

## सेवा नै धर्म हो, रक्तदान जीवनदान

'मानव जीवना अतुलनीय, अनुकरणीय काम' भन्ने मुल मन्त्र भएको हदाँ AB± Positive Blood आवश्यकता परेको हुँदा सो ग्रुपको रगत भएको महानुभावले ब्लड बैंक हेटौंडामा यथाशिघ्र सम्पर्कमा आई रगत दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्क नं.**
**९८४५०२९९७७ (टंक दाहाल), ९८५५०६९३६८ (पुर्ण प्रसाद अर्याल)**

"रक्तदान जीवन दान"
DONATE BLOOD

## खुल्ला रक्तदान कार्यक्रम

स्थान: हेटौंडा उपमहानगरपालिका १३ नं. वडा कार्यालय
मिति: २०८१/०७/१० गते, शनिबार
समय: बिहान ७:३० बजे

आयोजक: हेटौंडा उपमहानगरपालिका १३ नं. वडा कार्यालय
आयोजक: नेपाल स्वयमसेवी रक्तदाता समाज नगर कार्यसमिति, हेटौंडा


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**
सम्पर्क: ९८४५१७०९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना